विधेयक संख्याः ......

# प्रशासकीय कार्यविधिलाई (नियमित गर्ने) विधेयक, २०७५

इटहरी उपमहानगरपालिका

नगरसभा सचिवालय

इटहरी, सुनसरी

# प्रशासकीय कार्यविधिलाई (नियमित गर्ने) विधेयक, २०७५

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित र व्यवस्थित गर्न आवश्यक भएको हुँदा नेपालको संविधानको धारा २२६ बमोजिम यो ऐन बनाउन बान्छनीय भएकोले नेपालको संविधानको धारा २२३ बमोजिमको नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन इटहरी उपमहानगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले इटहरी उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले इटहरी उपमहानगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले इटहरी उपमहानगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार** : कार्यपालिकाले यस ऐन बमोजिम नियम बनाउँदा प्रशासनिक कार्यको नियमन, ब्यवस्थापन, स्थानीय सेवाको संचालन, अनुगमन, सभाबाट स्वीकृत कार्यक्रमको संचालन एवं आन्तरिक कार्य जिम्मेवारीलाई पारदर्शी ढंगले ब्यवस्थापन र संचालन गर्ने कार्यका लागि नगरपालिकाले नियम बनाई लागु गर्न सक्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने** : (१) संविधान तथा यस ऐन अर्न्तगत वनेको नियमावलीको अधिनमा रही वा यस ऐन बमोजिम कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

५. **बचाउ** : यो ऐन प्रारम्भ हुनुभन्दा पहिले कार्यपालिकाले यस ऐन अनुरुप हुने गरी गरेको कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।